# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश केदार प्रसाद गिरीको मिति २०७५।८।०७ गते शुक्रबार भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं। पूर्व प्रधान न्यायाधीश गिरीको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति भएको छ। सर्वोच्च अदालतको न्यायाधीशका रुपमा कार्यरत रहँदा र प्रधान न्यायाधीशको रुपमा कार्यरत उहाँले नेपालको न्यायपालिकाको श्रीबृद्धिका लागि अतुलनीय योगदान पुऱ्याउनु भएको थियो । उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान गर्दछौं। उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहिरहने छ। विशेष गरी देवानी कानूनका क्षेत्रमा विशेष दखल राख्ने एक निर्भिक, अत्यन्त मिलनसार, सह्रदयी, मृदुभाषी, न्यायका मर्मज्ञ, कानूनका ज्ञाता एवम् अनुभवी न्यायिक व्यक्तित्वका रुपमा रहनु भएका स्वर्गीय गिरी न्याय र कानूनका क्षेत्रमा स्थापित व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

महोत्तरी जिल्लामा मिति २००१ साल बैशाख २५ गते जन्मनु भएका पूर्व प्रधान न्यायाधीश गिरीले मिति २०२५ साल श्रावण ३० गतेदेखि न्याय सेवाको शाखा अधिकृत पदबाट सेवा प्रारम्भ गर्नुभएको थियो। उहाँ न्याय सेवामा जिल्ला न्यायाधीश, अञ्चल न्यायाधीश, पुनरावेदन अदालतको न्यायाधीश र मुख्य न्यायाधीश हुँदै २०५६ साल बैशाख ७ गते सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई मिति २०६४।६।१८ गते नेपालको प्रधान न्यायाधीश पदमा नियुक्त हुनुभएको थियो ।उहाँ मिति २०६६।०१।२४ बाट सेवा निवृत्त हुनुभएको थियो।

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश केदार प्रसाद गिरीको दुःखद् निधन भएको शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

पूर्व प्रधान न्यायाधीश केदार प्रसाद गिरीको असामयिक निधनमा शोक मनाउन यहीं मिति २०७५ मंसीर ०९ गते आइतबार एक दिन नेपाल भरका जिल्ला अदालत, उच्च अदालत, सर्वोच्च अदालत, विशेष अदालत तथा न्यायाधिकरणहरू शोक विदाको रूपमा बन्द रहने भनी सर्वोच्च अदालतको आज मिति २०७५।८।७ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरा समेत जानकारी गराइन्छ।

२०७५।८।७